अन्नपूर्ण पोष्ट

बुधबार, जेठ १५, २०५९
(Wednesday, May 29, 2002)

# मूर्तिकला प्रदर्शनीको सफलताले मूर्तिकारहरु हौसिए

कृष्णाराम किसी
अन्नपूर्ण पोष्ट समाचारदाता

भक्तपुर, जेठ १३

कुनै बेला भूत बंगला र कुखुरा पाल्ने घरको रूपमा विख्यात भक्तपुर नगरपालिका वडा नम्बर ३ दतात्रयमा रहेको एउटा घर अहिले "नमुना घर"को रूपमा प्रख्यात छ । मूर्तिकार रवीन्द्र पुरीको सोच अनि कलाप्रेमले गर्दा आज सो घरको स्वरूप नै फेरिएको छ । आफूले उक्त घर खरिद गरेको बेलाको अवस्थाको स्मरण गर्दै मूर्तिकार रवीन्द्र पुरी भन्छन्- "मैले यो घर खरिद गरेर पहिलो पटक आउँदा जुत्ता फुकालेर आउनु पर्ने थियो र उपियाँले तोकेर बसिनसक्नु थियो ।"

कला र संस्कृतिको धनी भक्तपुरमा अहिले मूर्तिकार रवीन्द्र पुरीका जस्ता घर बनाउने एउटा लहर नै चलेको छ । भक्तपुर नगरपालिकाले नगरपालिका क्षेत्रभित्र रहेका स्थानहरूलाई ऐतिहासिक रूपमै विकास गर्ने सोच अनुसार पुरानै शैलीको घर बनाउनेहरूलाई आर्थिक सहयोगको व्यवस्था गरेकाले सो लहर चलेको देखिन्छ । भक्तपुरमा हालसम्म बनाएका घरहरूमध्ये सबैभन्दा उत्कृष्ट घर आफूले बनाएकोले न.पा.ले आफ्नो घरलाई "नमूना घर" को संज्ञा दिएको कुरा मूर्तिकार रवीन्द पुरीले बताउनुभयो ।

आफैमा प्रख्यात "नमूना घर"मा आजभोलि मूर्तिकार सुर्जा बज्राचार्य (पाटन), राधेश्याम शिल्पकार (भक्तपुर), इन्दकाली शिल्पकार (भक्तपुर) र रवीन्द्र पुरी (भक्तपुर) का संयुक्त मूर्तिकला प्रदर्शनीले "नमूना घर"को रौनक थपिएको छ । मूर्तिकला प्रदर्शनी हेरेर गएका देशी-विदेशी व्यक्तिहरूबाट पाएको तारिफ र सद्भावप्रति खुशी हुँदै मूर्तिकारहरू एउटै स्वरमा भन्छन्-"दर्शकहरूबाट पाएको मायाले हामी हौसिएका छौं ।"

पहिलो पटक काठमाडौंको भृकुटीमण्डप र दोस्रो पटक भक्तपुरको "नमूना घर"मा आफ्ना मूर्तिहरू प्रदर्शन गरिरहेका मूर्तिकारहरूले तेस्रो पटक ३१ जेठदेखि तीन महिनासम्म जर्मनीका विभिन्न सात शहरहरूमा पनि प्रदर्शन गर्ने भएको छ । जर्मनीमा मूर्तिहरू प्रदर्शन गर्नुका साथै बिक्री पनि गर्ने बताउँदै मूर्तिकार इन्द्रकाजी शिल्पकार भन्छन्-"बिक्रीबाट उठेको नाफाको रकममध्ये बीस प्रतिशत रकम काभ्रेको फूलबारी गाविसस्थित निर्माणको मध्यतामा पुगी अड्किएको मथुरापाटी मा.वि.को पूर्णताको लागि आर्थिक सहयोग गर्नेछौं ।"

तीन जना हिन्दू र एक जना बौद्ध भए पनि चारै जनाले दुवै धर्मका मूर्तिहरू बराबरीजस्तो बनाउने गरेका मूर्तिकारहरूले धार्मिक सहिष्णुतालाई नै आफ्नो प्रदर्शनीको विष्णु बनाउँदै प्रदर्शनीलाई "आस्थाहरूको मिलन", "नेपाली मूर्तिहरूमा हिन्दू धर्म र बुद्ध धर्मको संगम" नाम दिएका छन् ।

मूर्तिकला प्रदर्शनीमा इन्द्रकाजी शिल्पकार (काष्ठकला)का सात, राधेश्याम शिल्पकार (काष्ठकला) का नौ, रवीन्द्र पुरी (धातु)का चार र सुर्जा बज्राचार्य (बास्तु) का दश मूर्तिहरू गरी जम्मा तीस मूर्तिहरू प्रदर्शनीमा राखिएको छन् ।



सुन्दर र ऐतिहासिक मूर्तिहरू ।

तस्वीर : अन्नपूर्ण पोष्ट